# स्थानीय राजपत्र

सुनकोशी गाउँपालिकाबाट प्रकाशित

| खण्ड : ६ | संख्या : ५ | मिति : २०८०/११/३० |
|---|---|---|

## भाग–२

# सुनकोशी गाउँपालिका

# कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८०

गाउँ कार्यपालिकाको बैठकबाट पारित मिति : २०८०/११/२४

प्रमाणित मिति : २०८०/११/२४

# कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८०

कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशीलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशीलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाले कार्यविधिमा देहाय बमोजिम संशोधन गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)कार्यविधिको नाम कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशीलता कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ।

(२) **यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।**

क. परिच्छेद २ को दफा ५ को उपदफा १ मा कार्यक्रम बाँडफाँटको क्र.सं. ७ मा रहेको हिउँदे तथा वर्षे फलफूल विरुवा वितरण शीर्षकमा बाँडफाँट रकम रु. १०,००,०००। लाई पर्याप्त आवेदन पर्न नआएको हुँदा रु. ४,००,०००। कायम गरी बाँकी रु. ६,००,०००। क्र.सं. ६ को मिनि टिलर तथा पावर टिलर खरिद तथा वितरण कार्यक्रममा थप गरी बाँडफाँट रकम रु. ३१,००,०००। कायम गर्ने

ख. परिच्छेद २ को दफा ९ को उपदफा १ मा रहेको भैँसी तथा बाख्रा पालनतर्फ कार्यलयबाट उपलब्ध गराईने अनुदान रकम कुल लागतको बढीमा पचास ५०% प्रतिशतको सट्टा ७५% (पचहत्तर) प्रतिशत बनाउने, गाई भए कार्यलयबाट उपलब्ध गराईने अनुदान रकम कुल लागतको बढीमा पचास ५०% प्रतिशतको सट्टा ६०% (साठी) प्रतिशत बनाउने

ग. २ को दफा ९ को उपदफा ६ को "क" मा व्यक्तिगत कृषकको हकमा माउ बाख्रा भए १५ सट्टा १० बनाउने,

घ. परिच्छेद २ को दफा ९ को उपदफा ६ को "ख" मा व्यावसायिक रूपमा व्यावसाय सूरु गरेका समूह र फर्मको हकमा माउ बाख्रा भए २० वटाको सट्टा १५ वटा बनाउने,

ङ. परिच्छेद २ को दफा ९ को उपदफा ६ को "ख" पश्चात "ग" थप गरी गाई, भैँसी र बाख्रा पालक कृषकहरूको हकमा कम्तिमा तोकिएको मापदण्ड अनुसार हुनुपर्ने, यदि कुनै कृषकसंग अगाडी नै बाख्रा, गाई वा भैसी भएमा सो लाई समेत मापदण्ड पूरा हुने गरी संख्यामा जोडिने छ तर मापदण्ड पुर्याउनको लागि थप गरिएको भैसी वा बाख्रालाई मात्र खरिद मूल्यको ७५% को भुक्तानी गरिनेछ र गाईको भए खरिद मूल्यको ६०% भन्ने बुँदा राख्ने,

च. परिच्छेद ३ को दफा १५ को उपदफा ५ पश्चात ६ थप गरी लाभाग्राहीले अनुदानको लागि आवेदन दिनु अघि नै गाई, भैँसी र बाख्रा पालिराखेको खण्डमा मापदण्ड भित्र पर्ने गरी उक्त पशुको पनि बीमामा गरेको हुनु पर्नेछ र यस्ता पशुधनको बीमा गर्दा बिमा प्रिमियमको १०% प्रतिशत रकम गाउपालिकाबाट अनुदान रकमसँगै भुकतानी गरिने छ भन्ने बुँदा राख्ने र

छ. परिच्छेद ३ को दफा १२ को उपदफा १ को "क" मा प्रत्येक वडामा १ लाख बराबरको डेरी सामग्री सहयोग गरिनेको सट्टामा यस्ता लाभग्राही डेरीहरूले दैनिक न्यूनतम ८० लिटर दुध संकलन गरेको हुनुपर्ने ।

**आज्ञाले**

**मोहनकुमार श्रेष्ठ**

प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी